# करचुक्ता प्रमाणपत्र

१) **कर चुक्ता भनेको के हो ?**
कुनै व्यक्तिले निश्चित मिति सम्मको ऐन बमोजिम वुझाउनु पर्ने आय विवरण/वित्तिय विवरण र तिर्न पर्ने सम्पुर्ण कर दाखिला गरिसकेपछि करदाताको माग बमोजिम जारी गरिने कर तिरिसकेको प्रमाण पत्रलाई कर चुक्ता प्रमाण पत्र भनिन्छ ।

२) **कर चुक्ता पाउन के गर्नुपर्छ ?**
ऐन बमोजिम आय विवरण/वित्तिय पेश गरि तिर्नुपर्ने सम्पुर्ण कर तिरिसकेपछि आवश्यक कागजात सहित सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्छ ।

३) **के करचुक्ताको प्रमाणपत्र अनिवार्य रूपमा लिनुपर्छ ?**
करदाताको आवश्यकता अनुसार कर चुक्ता प्रमाण पत्र लिन सकिन्छ ।

४) **रोजगारीको आयमात्र हुने प्राकृतिक व्यक्तिले कर चुक्ता पाउँछ कि पाउँदैन ?**
पाउँछ ।

५) **वहाल र व्याज आय हुने प्राकृतिक व्यक्तिले कर चुक्ता पाउँछ कि पाउँदैन ?**
पाउँछ ।

६) **कृषि आय हुनेले कर चुक्ता प्रमाण पत्र पाउँछ कि पाउँदैन ?**
पाउँछ ।

७) **कर चुक्ता प्रमाण पत्र लिएपछि कर दायित्व बाकी रहन्छ कि रहदैन ?**
करदाताले पेश गरेको स्वयम कर विवरण/ वित्तिय विवरण अनुसार सम्पुर्ण कर रकम दाखिला भए पछि कर चुक्ता जारी गरिन्छ । करदाताले घोषणा गरेको स्वयम कर विवरण/ वित्तिय विवरणमा कर परीक्षण वा अनुसन्धान वा अन्य कुनै तरिकाले थप आय कायम भएमा सो आयमा कर तिर्नुपर्ने दायित्व करदाताको रहिरहन्छ ।

८) **कर चुक्ता प्रमाण पत्र प्राप्त गर्न कुन कुन कागजात पेश गर्नुपर्छ ?**
**कर चुक्ता प्रमाण पत्र प्राप्त गर्न देहायका कागजातहरू पेश गर्नुपर्दछ ।**

- करदाताले व्यहोरा खुलाई रू.१० को टिकट टांसी निवेदन दिने ।
- आय विवरण पेश गर्नुपर्ने हकमा आय विवरण पेश गरि निर्धारित कर दाखिला गरेको हुनुपर्ने ।
- विगत आ.व.हरूको आय विवरण र कर वक्यौता नभएको ।
- बित्तिय विवरण पेश गर्नुपर्ने करदाताको हकमा वित्तिय विवरण र लाग्ने कर वापतको रकम तिरेको भौचर ।
- रोजगारीको आय हुनेको सम्वन्धमा रोजगारदातावाट आम्दानी र कर दाखिलाको विवरण ।
- अरू कुराको हकमा कार्यालयवाट तोकिए वमोजिम ।

९) **कर चुक्ता प्रमाण पत्र प्राप्त नभएमा कुन ठाउंमा उजुरी गर्न सकिन्छ ?**
सम्वन्धित कार्यालय प्रमुख वा आन्तरिक राजस्व विभाग समक्ष ।

१०) **कर चुक्ता प्रमाण पत्र प्राप्त गर्न कुनै शुल्क लाग्छ कि लाग्दैन ?**
शुल्क लाग्दैन तर दाखिला गर्नुपर्ने कर बांकी रहेको हुनुहुदैन ।

११) **व्यवसाय, रोजगारी वा लगानी वा अन्य कुनै कर योग्य आय नभएकोले कर चुक्ता प्रमाण पत्र पाउंछ कि पाउदैन ?**

पाउंछ ।